**पाल्हीनन्दन गाउँपालिका**
**नवलपरासी (ब.सु.प.), लुम्बिनी,प्रदेश**

---

## पाल्हीनन्दन राजपत्र

---

खण्डः | संख्याः / | मितिः २०७८/१०/०७

---

**भाग-२**

**पाल्हीनन्दन गाउँपालिका**

---

# करार स्वंयसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) व्यवस्थापन कार्यविधि -२०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८/१०/०७

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफ १०२ को उपदफा (१) बमोजिम पाल्हीनन्दन गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरण जनताको लागि प्रकाशन गरिएको छ।

प्रस्तावना: पाल्हीनन्दन गाउँपालिका अन्तर्गत सञ्चालित धार्मिक (मदरसा) प्राकृतिका विद्यालयहरुमा शिक्षकको मागलाई पूर्ति गर्न स्वयंसेवक/कर्मचारी छनौटको मापदण्ड निर्धारण, परीक्षा सञ्चालन, नियुक्ति तथा पदस्थापनलाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न करार स्वयंमसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल )व्यवस्थापन कार्यविधि २०७८ जारी गरिएको छ।

परिच्छेद नं.-१

## संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भः १)** यो कार्यविधिको नाम करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) व्यवस्थापन कार्यविधि, २०७८ रहेको छ। यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः विषय या प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) **"पूर्व प्राथमिक विद्यालय"** भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको पुर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ख) **"प्राथमिक शिक्षा"** भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) **"निम्न माध्यमिक शिक्षा"** भन्नाले कक्षा ६ देखि कक्षा ८ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) **"धार्मिक विद्यालय"** भन्नाले परम्परागत रुपमा चलि आएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम र मदरसा जस्ता विद्यालयहरुलाई जनाउँदछ ।

(ङ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) **"गाउँपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको पाल्हीनन्दन गाउँपालिकालाई सम्झनु पर्छ ।

(छ) **"कार्यपालिका"** भन्नाले पाल्हीनन्दन गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(ज) **"प्रमुख"** भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ) **"छनौट समिति"** भन्नाले नियम १४ बमोजिम गठन हुने स्वयंसेवक (मौलाना/आलिमा)/ कर्मचारी (विद्यालय सहयोगी र लेखापाल )छनौट समितिलाई सम्झनु पर्छ ।

(ट) **"प्रधानाध्यापक"** भन्नाले शिक्षा नियमावली,२०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक तथा मदरसा को हकमा मदरसाका प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(ञ) **"व्यवस्थापन समिति"** भन्नाले संङ्घीय शिक्षा ऐन,२०२८ को दफा १२ बमोजिम गठन विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ट) **"शाखा प्रमुख"** भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ठ) **"शिक्षा अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको अधिकृतलाई सम्झनु पर्छ ।

(ड) **"शिक्षक सेवा आयोग"** भन्नाले संङ्घीय कानुन बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि कार्य गर्ने आयोगलाई सम्झनु पर्छ ।

(ढ) **"प्राथमिक स्वयंसेवक"** भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने करार स्वयंसेवक सम्झनु पर्छ ।

(ण) **"निम्नमाध्यमिक स्वयंसेवक"** भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको निम्न माधयमिक तहमा अध्यापन गर्ने करार स्वयंसेवक सम्झनु पर्छ ।

(त) **"माध्यमिक स्वयंसेवक"** भन्नाले गाउँपालिकाद्वारा व्यवस्थित कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको माधयमिक तहमा अध्यापन गर्ने करार स्वयंसेवक सम्झनु पर्छ ।

(थ) **"विषय विशेषज्ञ"** भन्नाले करार स्वयंसेवक/ कर्मचारी छनौट परीक्षा सञ्चालनको लागि शिक्षा विकास तथा समन्वय इकाई तथा गाउँ पालिकाबाट सुचिकृत भएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षक तथा धार्मिक मदरसामा कार्यरत धार्मिक शिक्षक र प्रधानाध्यापकलाई वा धार्मिक गुरुहरुलाई सम्झनु पर्छ ।

(द) "कर्मचारी" भन्नाले विद्यालयलाई ससर्त अनुदानबाट प्राप्त दरबन्दी र विद्यालयको आवश्यकता अनुसार गाउँपालिकाले वा विद्यालयले अनुदान कोटा सिर्जना गरी कार्यरत लेखापाल,कार्यालय सहायक, कार्यालय सहयोगी, लाइब्रेरियन, चौकीदार र स्विपर लाई सम्झनु पर्छ ।

(ध) "गाउँसभा" भन्नाले संङ्घीय कानुन बमोजिम गठन भएको पाल्हीनन्दन गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(ज) "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश/शिक्षा निर्देशनालयलाई प्रसंग अनुसार सम्झनु पर्छ ।

(झ) " मदरसा शिक्षक" भन्नाले मदरसामा अध्यापन कार्यहरु गर्न प्रा.वि., नि.मा.वि. र मा.वि. तहका नेपाल सरकार द्वारा स्वीकृत मदरसा पाठ्यक्रम उल्लेखित विषयहरुको शिक्षण गराउने नियमानुसार सबै किसिमका शिक्षक जस्तै: मौलाना/आलिमा/बाल विकास स.का./राहत / करार स्वयमसेवक/ अनुदान कोटा इत्यादी।

(ञ) अन्य शब्द,नामावली र पदको अर्थ प्रचलित ऐन, कानुन र नियमानुसार सम्झनु पर्छ ।

## परिच्छेद-२

## दरबन्दी सिर्जना, योग्यता र छनौट तथा नियुक्ती प्रक्रिया

**३. करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (कर्मचारी र लेखापाल) अनुदान कोटा सिर्जना गर्न सक्नेः**

(क) करार स्वयंसेवक (मौलाना/आलिमा)कोटा निर्धारण देहाय बमोजिमको मापदण्डको आधारमा गरिने छ।

१. पाल्हीनन्दन गाउँपालिका अन्तर्गत धार्मिक प्राकृतिको रुपमा सञ्चालित मदरसाहरु सबै।

२. आ.व.२०७८/०७९ का लागि गाउँ सभाबाट करार स्वयंसेवक (मौलाना/आलिमा) तथा विद्यालय सहयोगी तथा लेखापाल व्यवस्थापनका लागि बजेट स्वीकृत भएका विद्यालयहरु।

३. विद्यालयमा सञ्चालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने।

४. कुनै विद्यालयको विशेष आवश्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले निर्णय गरी अनुदान कोटा वितरण गर्न सक्ने छ।

(ख) गाउँसभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँकार्यपालिका करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल), अनुदान कोटा नियम ३ (क) को आधारमा हाल तपसिलका विद्यालयहरुमा निम्न अनुसार कोटा निर्धारण गरिएको छ साथै पछि आवश्यकता अनुसार गाउँपालिका कार्यसमितिले थप/घट गर्न सकिने छ।

तपसिल

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | करार स्वयंसेवक (मौलाना/आलिमा) कोटा संख्या (प्रा.वि) | कर्मचारी | |
|---|---|---|---|---|
| | | | विद्यालय सहयोगी | लेखापाल |
| १. | मदरसा ताजुल ओलुमै आ.वि. कुशमा | १ | | १ |
| २. | मदरसा इस्लामिया कमरुल ओ.परसिया | १ | | |
| ३. | मदरसा अरबिया कमरुल ओ.अ.सु. लोहरौली | १ | १ | |
| ४. | मदरसा अरबिया अ.सु.त.ओ. आ.वि.भगतपुरवा | १ | | |
| ५. | मदरसा अ.सु.फै.ओ.आ.वि. पडरी | १ | | |
| ६. | मदरसा गौ.एहसान उल- ओलुम चमनटोल | १ | | |
| ७. | मदरसा अरबिया नजामुल ओलुम छोटकी सुनरी | १ | | |
| ८. | मदरसा गौसिया फैजुल वारिस हरपुर | १ | | |
| ९. | मदरसा अरबिया गौशुलवरा गेरमा | १ | | |
| १०. | मदरसा जामिया इमाम चमनटोला | १ | | |
| ११. | मदरसा इस्लामिया आ.वि.बेलासपुर | १ | | |
| १२. | मदरसा अरबिया अन.ओ. रमपुरवा | १ | | |
| १३. | मदरसा अहलेसुन्नत सिदिकिया पडरी | १ | | |

**[illegible] करार स्वयंसेवक(मौलाना/आलिमा) तथा विद्यालय सहयोगी र लेखापालको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछः**

**१) प्राथमिक तहः**

क) करार स्वयंसेवक (मौलाना/आलिमा) को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तरीर्ण गरि मौलाना (आलिमा) गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

ख) नेपाली नागरिकता प्राप्त गरेको।

**२) निम्न माध्यमिक तहः**

क) करार स्वयंसेवक (मौलाना/आलिमा) को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तरीर्ण गरि मौलाना (आलिमा) गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

ख) नेपाली नागरिकता प्राप्त गरेको ।

३) **माध्यमिक तहः**

क) करार स्वयंसेवक (मौलाना/आलिमा) को लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तरीर्ण गरि मौलाना (आलिमा) गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

ख) नेपाली नागरिकता प्राप्त गरेको ।

४) **विद्यालय सहयोगी:** कम्तिमा कक्षा ८ उत्तिर्ण गरेको हुनु पर्ने।

५) **लेखापाल:** लेखा विषय लिई कम्तिमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरि कम्प्युटर विषयमा कम्तिमा आधारभूत तह/Basic Course गरेको हुनु पर्नेछ।

६) **बाल विकास तथा कर्मचारीः** प्रचलित नियमानुसार हुनेछ।

४. उम्मेदवाको अयोग्यताः देहायका व्यक्तिहरु करार स्वयंसेवक **(मौलाना/आलिमा)** कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन् :

क) गैर नेपाली नागरिक,

ख) १८ वर्ष उमेर नपुगेको,

ग) ४० वर्ष उमेर पुरा भएको,

घ) मगज विग्रेको,

ङ) नैतिक पतन देखिने फौजदारी अदालतबाट कसूरदार ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिएको, भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

च) सम्वन्धित तहको लागि योग्यता नपुगेको व्यक्ति ।

६. पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रक्रियाः परीक्षाको पाठ्यक्रम, परीक्षा प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ। साथै विषयगत लिखित परीक्षामा २५% अंक भार बराबरको दीनीयात,अरेबिक भाषा र उर्दु विषय बाट प्रश्न सोधिन्छ।

७. **करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी पदपूर्तिः** गाउँपालिकाबाट अनुदानको रकम, अनुदान कोटा र तोकिएको मापदण्ड अनुसार विद्यालय छनौट भई सकेपछि विद्यालयको आवश्यकता अनुसारको विषयको स्वयंसेवक तथा कर्मचारी पद खुल्ला प्रतियोगिताबाट पदपूर्ति गरिनेछ।

८. **करार स्वयंसेवक (मौलाना) तथा कर्मचारी (विद्यालय सहयोगि र लेखापाल) छनौट सम्बन्धि व्यवस्थाः** करार स्वयंसेवक (मौलाना/आलिमा) छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछः

क) करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी छनौट गर्न कम्तिमा १५ दिनको म्याद दिई विद्यालयले गाउँपालिकाको सूचना पाटी, वडा कार्यालय तथा सम्बन्धित विद्यालय तथा शिक्षा विकास तथा समन्वय इकाईमा सूचना टाँस गरिने छ।

ख) योग्यता पुगेका इच्छुक उम्मेदवारले हस्तलिखित निवेदन सम्बन्धित विद्यालयमा तोकिएको म्याद भित्र बुझाउनु पर्नेछ।

ग) नियम ८ (क) बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानविन गरी योग्यता पुगेको व्यक्तिलाई मात्र परीक्षामा सामेल गराइनेछ।

घ) शिक्षक सेवा आयोगले प्राथमिक, निम्म माध्यमिक र माध्यमिक तहको खुला प्रतियोगात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित र मौखिक परीक्षा पद्धति अनुरुप करार स्वयंसेवक (मौलाना/आलिमा) र कर्मचारी छनौट हुनेछ।

ङ) करार स्वयंसेवक(मौलाना/आलिमा) तथा कर्मचारीको परीक्षा सम्बन्धित मदरसा वा गाउँपालिकाको केन्द्रमा परीक्षा छनौट समितिले निर्धारण गरेको मिति, समय र स्थानमा हुनेछ।

९. **स्वीकृत नामावली सूची टाँस गर्नुपर्नेः** धार्मिक प्राकृतिको विद्यालय मदरसाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावलीको सूची तयार गरी विद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ।

[illegible]. परीक्षाको दस्तुरः प्रा.वि : करार स्वयंसेवक (मौलाना/आलिमा) ५०० लेखापाल रु ५०० र कर्मचारी (विद्यालय सहयोगी) रु ३००

[illegible]. **परीक्षा सञ्चालन, अन्तर्वाता र योग्यताक्रम सम्बन्धि व्यवस्थाः**

क) स्वयंसेवक (मौलाना/आलिमा) छनौट समितिले लिने लिखित परीक्षाको सामन्य परीक्षा (प्रथम चरण) को १००, विषयगत परीक्षा (द्धितीय चरण) को पूर्णाङ्क १००, अन्तरवार्ता २५ र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा २५ अंकको हुनेछ साथै सामान्य परीक्षामा कम्तीमा ३० अंकलाई उत्तीर्ण भएकालाई मात्र विषयगत परीक्षामा सामेल गराइनेछ तथा विषयगत परीक्षाको उत्तरीर्णङ्क ४० हुनेछ तथा लेखापाल को सामान्य परीक्षा १०० पूर्णाङ्क , विषयगत लिखित १०० पूर्णाङ्क र कम्प्युटर सीप परीक्षण ३० पूर्णाङ्क को हने छ। सामान्य परीक्षाको उत्तीर्णाङ्क ५० , विषयगतको ४० र कम्प्युटर सीप परीक्षणको १५ अङ्क हुनेछ। विद्यालय सहयोगीको लागि अन्तरवार्ता २५ पूर्णाङ्कको हुनेछ। थप आवश्यक परेमा प्रचलित ऐन, नियमावली आधारमा परीक्षा समितिको निर्णयानुसार हुनेछ।

ख) लिखित परीक्षाका लागि आवशयक प्रशनपत्र परीक्षा केन्द्रमा नै स्वयंसेवक (मौलाना/आलिमा) छनौट समितिको रोहवरमा विषय विशेषज्ञ द्धारा निर्माण गराइनेछ।

ग) गाउँ शिक्षा अधिकारी वा निजले तोकिएको अधिकारीको रोहवरमा सम्बन्धित परीक्षा केन्द्रमा वा गाउँपालिकाको हातभित्र सम्बन्धित विषय विज्ञद्धारा उत्तर पुस्तिका परीक्षण गराइनेछ।

घ) उत्तरपस्तिकाहरुमा कोडिङ, डिकोडिङ गर्ने कार्य गाउँ शिक्षा अधिकारी वा निजले तोकेको अधिकारीले गर्नेछन।

ङ) अन्तरवार्ताको अंक विभाजन शिक्षक सेवा आयोगले स्थायी छनौटका लागि तोके बमोजिम हुनेछ।

ग) छनौट प्रक्रिया सम्बन्धि छनौट समितिको निर्णयहरु छनौट पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्नेछ।

ङ) परीक्षा सञ्चालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झुठा विवरण पेश गरेमा र उम्मेदवारका विच निष्पक्ष व्यवहार नगरेमा निजलाई विज्ञको सूचिबाट हटाउन सकिनेछ।

च) कुनै पेश गरेको प्रमाणपत्र वा विवरण झुठा वा नकलि ठहरेमा सम्बन्धित उम्मेदवार नै कानुनी कार्यवाहीको भागेदारी हुनेछ।

१२. योग्यताक्रम प्रकाशित गर्नेः

क) लिखित र प्रयोगात्मक परीक्षामा सो परीक्षामा सफल उम्मेदवार अन्तरर्वाता प्राप्त गरेको अंक जोडी परीक्षाबाट सफल भएका उम्मेदवारहरुको नाम नियुक्तीका लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नुपर्नेछ। यसरी सिफारिस गर्दा उपलब्ध भए सम्म रिक्त पद संख्याको १० प्रतिशतले हुने संख्या उम्मेदवारको नाम बैकल्पिक सुचिमा प्रकाशित गर्नुपर्नेछ।

ख) एक भन्दा बढी तहमा सफल हुने ती उम्मेदवारलाई माथिल्लो तहका लागि मात्र सिफारिस गरिनेछ।

१३. नियुक्ती दिनेः करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल)हरुको नियुक्ती देहाय बमोजिम हुनेछ।

क) करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई एक पटकमा एक आर्थिक वर्षको लागि करारको रुपमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार प्रधानाध्यापकले नियुक्ती दिनेछ।

ख) करार स्वयंसेवक (मौलाना/आलिमा ) कर्मचारी (विद्यालय सहयोगी र लेखापाल )गाउँपालिकाले अनुदानलाई निरन्तरता दिएको खण्डमा गाउँ कार्यपालिकाको निर्णयानुसार अर्को आर्थिक वर्षका लागि नियुक्तीको म्याद थप गर्न सकिने छ तर एंक पटकमा एक वर्ष भन्दा बढी म्याद थप गर्न सकिने छैन।

ग) सफल उम्मेदवारको नतिजा प्रकाशन भई नियुक्तीको लागि सूचना प्रकाशित भएको ७ दिन भित्र नियुक्ती लिई सक्नु पर्नेछ, अन्यथा बैकल्पिक उम्मेदवारलाई नियुक्ती दिइनेछ।

घ) करार स्वयंसेवक तथा कर्मचारीको परीक्षण काल ६ महिनाको हुनेछ।

१८. छनौट समितिः करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारीको पदपूर्ति गर्नका लागि सम्बन्धित विद्यालयमा देहाय बमोजिमको एक छनौट समिति रहनेछः-

क) वि.व्य.स को अध्यक्ष वा निजले तोकेको सदस्य- संयोजक

ख) गाउँ शिक्षा अधिकृत वा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा शिक्षा शाखा प्रतिनिधि सदस्य

ग) विषय विशेषज्ञ २ जना – सदस्य

घ) सम्वन्धित विद्यालयको प्रधानाध्यापक- सदस्य- सचिव

तर करार स्वयंसेवक (मौलाना/आलिमा) छनौटका लागि दुई जना विशेषज्ञ मध्ये एक जना अेरेविक र उर्दु सम्बन्धि जानकार भएका मदरसामा कार्यरत धार्मिक शिक्षक हुनु पर्ने छ तथा आवश्यकताको आधारमा आमन्त्रित सदस्य राख्न सकिनेछ।

१९. छनौट समितिको काम कर्तव्य र अधिकारः छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) दरखास्त फारमहरू दर्ता तथा संकलन गर्ने/ गराउने

(ख) लिखित परीक्षाका लागि निर्माण गरिएको प्रश्नपत्र गोप्यता कायम राख्ने

(ग) लिखित परीक्षा संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने

(घ) मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने/गराउने

(ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने

(च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने तथा अन्तर्वार्ता लिने

(छ) अन्तर्वार्ताको कार्यक्रम प्रकाशन गर्ने तथा अन्तर्वार्ता लिने

(ज) लिखित र अन्तर्वार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने

(झ) नियुक्तिका लागि सिफारिस गर्ने

(ञ) छनौट प्रक्रियामा कुनै द्विविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधि अवलम्बन गर्ने

## परिच्छेद-३

## खाजा (परिश्रमिक) र विदा

१६. खाजा खर्च सम्बन्धि व्यवस्थाः विभिन्न तहमा नियुक्ति करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) को प्रोत्साहन स्वरुप प्रदान गरिने खाजा खर्च देहाय बमोजिक हुनेछ।

क) करार स्वयंसेवक (मौलाना/आलिमा).: प्रति महिना – रु ११०००।–

ख) कर्मचारी लेखापाल : प्रति महिना – रु १०००० ।–

ग) कर्मचारी विद्यालय सहयोगीः प्रति महिना - रु ८०००।-

यसरी प्रदान गरिने खाजा तथा प्रोत्साहन भत्ताको रकम मासिक वा चौमासिक रुपमा पाउनेछ। ( पर्व खर्च तथा पोसाक भत्ता समेत व्यवस्था गरिनेछ)

१७.विदाः करार स्वयंसेवक(मौलाना/आलिमा) तथा कर्मचारीले गाउँपालिकाको अनुदान बाट देहाय बमोजिमको विदा सहुलियत पाउनेछन ।

क) गाउँपालिका अनुदान शिक्षकले वर्ष भरीमा भैपरी विदा ६ दिन, पर्व विदा ६ दिन, विरामीविदा१२दिन,किरिया विदा १५ दिन तथा सुत्केरी विदा अघि वा पछि गरी ६० दिन र प्रसुती स्याहार विदा १५ दिन पाउनेछन ।

(ख) सुत्केरी विदा र प्रसुती स्याहार विदा सेवा अवधि भरीमा दुई पटक मात्र पाउनेछन ।

(ग) विदामा बस्नु पर्दा विदा पुर्व स्वीकृत गराउनु पर्नेछ ।

(घ) विरामी विदा जति भए पनि संचित गर्न सकिनेछ तर सो वापतको रकम पाइने छैन ।

(ङ) विदा सहुलियत हो अधिकार होइन ।

## परिच्छेद- ४

### करार स्वयंसेवक (मौलाना) तथा कर्मचारीको अचारसंहिता, सजाय र पुरस्कार सम्बन्धि व्यवस्था

१८.आचारसंहितः गाउँपालिकाको अनुदान बाट नियुक्त करार स्वयंसेवक(मौलाना/आलिमा) तथा कर्मचारीहरुको आचारसंहिता संङ्घीय शिक्षा ऐन,२०२८ र नियमावली, २०५९ मा तोकिए बमोजिम हुनेछ ।

१९.सजायः उचित र प्रयास करण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त करार स्वयंसेवक (मौलाना) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) लाई देहायबमोजिमको सजाय गर्न सकिनेछ ।

(क) नसिहत दिने ।

(ख) तलब रोक्का गर्ने ।

(ग) आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने ।

(घ) निश्चित समयको लागि निलम्बन गर्ने ।

(ङ) सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

२०. **नसिहत दिने:** करार स्वयंसेवक(मौलाना/आलिमा) तथा कर्मचारीले विद्यालयमा समयमा नआउने, जिम्मा दिएको काम समयमा नगर्न र जाने समयपालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ ।

२१. **खाजा (परिश्रमिक) रोक्का गर्ने:** देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त करार स्वयंसेवकको खाजा (परिश्रमिक) रोक्का गर्न सकिनेछ ।

(क) अनुशासनहीन काम गरेमा ।

(ख) बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा ।

(ग) बारम्बार विना सूचना विद्यालयमा अनुपस्थित रहेमा ।

(घ) विद्यालयको काम समयमा सम्पन्न नगरेमा ।

(ङ) विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा ।

(च) आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा ।

(छ) मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेमा ।

(ज) विद्यालयको गोपनियता भंग गरेमा ।

(झ) स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) ले पालना गर्नुपर्ने आचारसंहिता पालना नगरेमा ।

२०. **आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने:** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारीले जानीजानी लापरवाही गरी प्रचलित कानुन उल्लंघन गरी विद्यालयलाई हानि-नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएकोआंशिक वा पुरा

निजकै खाजा खर्च बाट कट्टा गरी असुल उपरगरिनेछ एवं खाजा खर्च बाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

२१. **तलब रोक्का गर्नेः** देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल)को तलब रोक्का गर्न सकिनेछः

क) अनुशासनहीन काम गरेमा

ख) बारम्बार विद्यालयले दिइएको निर्देशन पालना नगरेमा।

ग) बारम्बार विना सूचना विद्यालयमा अनुपस्थित रहुमा।

घ) विद्यालयको काम समयमा सम्पन्न नगरेमा।

ङ) विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा।

च) आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा।

छ) मादक पदार्थ सेवन गरी विद्यालय आउने गरेमा।

ज) विद्यालयको गोपनियता भंग गरेमा।

झ) स्वयंसेवकले पालना गर्नुपर्ने आचारसंहिता पालना नगरेमा।

२२. **आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्नेः** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारीले जानी जानी लापरवाही गरी प्रचलित कानुन उल्लङ्घन गरेमा विद्यालयलाई हानी नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको आंशिक वा पुरा निजको खाजा (परिश्रमिक) खर्च बाट कट्टा गरी असुल उपर गरिनेछ एवम् नपुग भएमा निजको जायथेबाट असुल उपर गरिनेछ।

२३. **निश्चित समयको लागि निलम्बन गर्नेः** गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारीलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जांच गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

४. **सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त स्वयंसेक (मौलाना/आलिमा) तथा कर्मचारीलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः

(क) आफ्नो पदीय जिम्मेवारी बहन नगरेमा ।

(ख) मादक पदार्थ सेवन गरी विद्यालयमा आउने गरेको कुरा प्रमाणित भएमा ।

(ग) विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक कार्य रोकिने गरी लगातार १५ दिन सम्म अनुपस्थितिको कारण गयल भएमा ।

(घ) विद्यालयलाई हानि-नोक्सानी हुने कार्य बारम्बार गरेमा ।

(ङ) पदीय रुपमा विद्यालयको गोपनियता भंग गरेमा ।

(च) अनुशासन तथा आचरण सम्बन्धि व्यवस्था बारम्बार उल्लंघन गरेमा ।

(छ) नैतिक पतन देखिने कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा ।

(ज) मगज विग्रेमा ।

(झ) विद्यालयलाई असर पर्ने गरी तथा विद्यालय समयमा अन्य संस्थामा काम गरेमा ।

(२) देहायका अवस्थामा गाउँपालिकाको अनुदान बाट नियुक्त स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) लाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा ।

(ग) नोकरी पाउने उद्देश्यले जाली प्रमाण पेश गरेमा ।

२५. **सफाईको अवसर दिनुपर्नेः** सजाय दिन पाउने अधिकारीले गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका बाट बन्चित गरिने छैन। त्यस्तोमा सम्बन्धित स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) पनि तोकिएको म्याद भित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ ।

२६. सजाय गर्ने अधिकारीः गाउँपालिकाको अनुदानबाट नियुक्त स्वयंसेवक तथा कर्मचारीलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन ।

(क) स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारीलाई चेतावनी, नसिहत दिने, गयल कट्टा गर्ने प्र.अ. ।

(ख) तलब रोक्का गर्ने प्र.अ. को सिफारिसमा गाउँ शिक्षा अधिकारी ।

(ग) सेवाबाट हटाउने वा बर्खास्त गर्ने वि.व्य.स. को सिफारिसमा कार्यपालिका ।

२६. बाझिएमाः प्रचलित ऐन तथा नियमावली संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

## परिच्छेद- ५

## विविध

२५. विविधः

क) यस गाउँपालिका करार स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) व्यवस्थापन कार्यविधि, २०७८ मा थपघट गर्ने अधिकार गाउँ कार्यपालिकामा रहने छ ।

ख) गाउँ कार्यपालिकाले यसरी नियुक्त स्वयंसेवक (मौलाना/आलिमा) तथा कर्मचारी (विद्यालय सहयोगी र लेखापाल) लाई आवश्यकता अनुसार निरन्तरता दिन सक्नेछ।

ग) गाउँ कार्यपालिकाले यो कार्यविधि जुनसुकै बंखत खारेज गर्न सक्नेछ।

आज्ञाले

श्रीप्रसाद गौतम

प्रमुख प्रशाकीय अधिकृत